आज मिति २०८२ साल जेठ १२ गते सोमबारका दिन इलाम नगरपालिकाका नगर प्रमुख श्री केशर थापाज्यूको अध्यक्षतामा निम्न पदाधिकारीज्यूहरुको उपस्थितिमा नगर कार्यपालिकाको दशौं बैठक बसी देहाय अनुसारको निर्णय गरियो।

उपस्थिति :-

प्रमुख श्री केशर थापा
उपप्रमुख श्री विष्णु कुमारी लिम्बु (याहाल)
वडाध्यक्ष श्री गायत्रीराम बस्नेत
" श्री गिरिराज रिजाल
" श्री हेम बहादुर सुनुवार
" श्री नतनदेव दुलाल
" श्री काजी बहादुर श्रेष्ठ
" श्री दुर्गा श्रेष्ठ
" श्री नरेश श्रेष्ठ
" श्री धनमान तामाङ
" श्री गोपाल चौहान
" श्री ओमनाथ प्रधान
" श्री टासी लवेगा
" श्री लालमान लिम्बु
का.पा.स. श्री डायना राई
" श्री सोममाया कामिनी
" श्री धनमाया लिम्बु
" श्री कुमारी लवागुन
" श्री बि बि लिम्बु
" श्री विरेन्द्र बहादुर राई
" श्री देवेन्द्र मुखिया
" श्री दिपक त्रिवेदी
सचिव प्र.प्र.अ. श्री गणेश कुमार खड्का

दशौं कार्यपालिका बैठक मिति २०८२।०२।१२ का निर्णयहरु

निर्णय नं १

नगर कार्यपालिकाको नवौं बैठकका निर्णयहरुको कार्यान्वयन प्रगति बैठकमा प्रस्तुत भइ छलफल गरियो। उक्त बैठकका प्रमुख निर्णयहरुको कार्यान्वयन निम्नानुसार भएको पाइयो । आगामी दिनमा समेत कार्यपालिकाका निर्णयहरु समयमा नै प्रभावकारी रुपमा कार्यान्वयन गर्ने व्यवस्था मिलाउने निर्णय गरियो ।

क. संस्थागत विद्यालयहरुको शूल्क निर्धारण तथा विद्यालय ग्रेडिङ्ग गर्न कार्यदल गठन सम्बन्धमा निर्धारित शुल्कको विषयमा विद्यालयलाई पत्राचार भई कार्यान्वयनमा गएको साथै विद्यालय ग्रेडिङ्ग सम्बन्धमा फाराम विकास गरि गठित कार्यदल समक्ष पेश गरिएको

ख. शिक्षक दरबन्दि मिलान सम्बन्धमा आधार र दरवन्दी सम्बन्धी प्रस्ताव सम्बन्धमा निर्णय भए बमोजिम कार्यान्वयनमा गएको ।

ग. बहुतले पार्किङ्गमा थप संरचना निर्माण सम्बन्धमा कार्यपालिकाको निर्णय बमोजिम संरचना थपको लागि अनुमती प्रदान गरिएको ।

घ. लेकाली सहकारी संस्था लि., इ.न.पा. १ साखेजुङ्गलाई प्राङ्गरिक मल उत्पादनका लागि आगामी आ.व.मा स्वीकृती प्रदान गरि हाल सम्झौता कार्य सम्पन्न भई कार्यान्वयनमा रहेको ।

ङ. राजश्व परामर्श समितिको मिति २०८१।१२।१० को बैठकबाट सिफारिस भएको परामर्श अनुमोदन भई सोही बमोजिम कार्यान्वयनमा रहेको ।

च. इलाम नगरपालिका वडा नं. ३ स्थित माउन्ट छिन्टापु बो. स्कुलको विषयमा परेको उजुरी सम्वन्धमा हाल अनुमति बेगर संचालनमा रहेको कक्षा ६ र ७ लाई संचालन नगर्नका लागि निर्देशन दिई अनुमती बेगर संचालित ६ र ७ कक्षालाई सील गरिएको ।

छ. फाल्गुनन्द पदमार्ग निर्माणका लागि आ.व. २०८२।८३ मा आवश्यक पर्ने वजेट सुनिश्चितता सम्वन्धमा इलाम नगरपालिकाको हकमा रु. १०,८५,०००।- अक्षरेपी दश लाख पचासी हजार मात्र सुनिश्चित गरि पत्राचार गरिएको ।

ज. घर नक्सा पास अनुमति प्रदान भए बमोजिम सेवाग्राहीहरुलाई अनुमती प्रदान गरिएको ।

झ. जोगमाई वेसि सिंचाई योजना, इ.न.पा १० को भेरिएशन स्वीकृति गरि सोही बमोजिम कार्यान्वयनमा गएको

निर्णय नं २

इलाम नगरपालिकाको वालमैत्री रणनीतिक तथा लगानी योजना स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. ३

अर्थ तथा सार्वजनिक लेखा समितिको कार्य संचालन कार्यविधि, २०८२ स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. ४

इलाम नगरपालिकाको शैक्षिक संस्थाका सवारी साधन सम्बन्धी मापदण्ड, २०८२ स्वीकृत गर्ने निर्णय गरियो।

निर्णय नं. ५

पुवामझुवा सामुदायिक रेडपाण्डा संरक्षण तथा व्यवस्थापन समितिको कार्ययोजना स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. ६

कक्षा थप तथा खारेजको अनुमती प्रदान गर्ने सम्वन्धमा देहाय बमोजिम गर्ने निर्णय गरियो ।

देहाय

क.माउण्ट मेची वोर्डिङ्ग स्कूल : कक्षा १२ थप गर्ने

## दशौं कार्यपालिका बैठक मिति २०८२।०२।१२ का निर्णयहरु

ख. इलाम माध्यमिक विद्यालय : कक्षा १२ बन्द गर्ने

ग. सुम्बेक मा. वि.मा कक्षा ११ संचालन गर्नका लागि अध्ययन गर्ने

निर्णय नं. ७

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सुशासन प्रबर्द्धन शाखाको च.नं. २६९, मिति २०८२।०१।१५ गतेको पत्रानुसार जिम्मेवार पदाधिकारी/कर्मचारीहरुबाट समयमै निर्णय र कार्य गर्ने, गराउने व्यवस्था मिलाई निर्णय नगरेको कारणबाट सार्वजनिक संस्था वा व्यक्तिलाई हानी नोक्सानी पुग्ने अवस्था आउन नदिनका लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको मिति २०८२।१।५, च.नं. प्र.नि./५२१/५३४९ को प्राप्त सुझावलाई आगामी दिनमा कार्यान्वयन गर्ने निर्णय गरियो ।

निर्णय नं. ८

उप-प्रमुखबाट पेश भएको मासिक अनुगमन प्रतिवेदन उपर छलफल गरियो । प्रतिवेदनमा औंल्याइएका देहायका सुझावहरु प्रभावकारी रुपमा कार्यान्वयन गर्ने निर्णय गरियो ।

देहाय

क. विभिन्न निर्माण योजना/कार्यक्रम तथा आयोजनासँग सम्बन्धित कार्यमा होर्डिङ्ग बोर्ड नराखेको ।

निर्णय नं. ९

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, वातावरण तथा विपद् समन्वय शाखाको च.नं. १६२, मिति २०८२।०१।१४ को प्राप्त पत्र तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको प.सं. ऐन/नियम/उद्योग/७५/७६, च.नं. ६०४, मिति २०७६।०१।०५ को पत्रानुसार प्राकृतिक श्रोत साधनहरुको दोहन गरी मापदण्ड विपरीत उद्योग संचालन गरे नगरेको सम्बन्धमा जिल्ला स्थित उद्योगहरुको रेखदेख गुणस्तर नियन्त्रण तथा मापदण्ड अनुसार संचालन भए नभएको अनुगमन गर्ने दायित्व समेत स्थानीय तहको भएको हुँदा सो सम्बन्धमा सुझाव कार्यान्वयनका लागि लेखि आएकाले सो सम्बन्धमा आगामी दिनमा प्राप्त सुझाव कार्यान्वयन गर्ने निर्णय गरियो । साथै इलाम नगरपालिका क्षेत्रभित्र संचालित क्रसर उद्योगको अनुगमन गर्न जिल्ला समन्वय समिति, इलामलाई अनुरोध गर्ने ।

निर्णय नं. १०

इलाम नगरपालिका ५ नं. वडा कार्यालयको च.नं. ८४३, मिति २०८१।१२।१९, ५ नं. वडा कार्यालयको च.नं. ३७६, मिति २०८१।०८।२३, ५ नं. वडा कार्यालयको च.नं. १०९३, मिति २०८२।०२।०५ तथा ७ नं. वडा कार्यालयको च.नं. ८९०, मिति २०८२।०२।११, ११ नं. वडा कार्यालयको च.नं ६४७, मिति २०८२।०२।०९, ०३ नं. वडा कार्यालयको च.नं. ४४३, मिति २०८२।०१।१६ को पत्रानुसार चालु आ.व. २०८१।८२ मा संचालन हुने रकम योजनाहरु स्थानान्तरण गर्ने निर्णय गरियो ।

| क्र.सं. | साविकको योजनाको नाम | विनियोजित रकम | स्थानान्तरण गर्नुपर्ने शिर्षक | स्थानान्तरण रकम | कैफियत |
|---|---|---|---|---|---|
| १३७ | ७ वटा टोल विकास संस्थालाई व्यवस्थापन खर्च | १०५०००।- | शिविर संचालन खर्च | ६००००।- | वडा नं. ५ |
| ३४९ | विपद् व्यवस्थापन कार्यक्रम | ५००००।- | शिविर संचालन खर्च | ४००००।- | वडा नं. ५ |

| | | | | | |
|---|---|---|---|---|---|
| ३९६ | कम्प्यूटर तथा प्रिन्टर खरिद | १५००००।- | वडा कार्यालयको लागि घुम्ने कुर्सी/रिभल्विङ्ग चेयर खरिद | १५५५५०।- | वडा नं. ५ |
| ५३ | लागत सहभागितामा च्यापकटर, नर्सरी स्थापना, विउ विजन तथा विरुवा वितरण कार्यक्रम | | ५० प्रतिशत लागत सहभागितामा हातेटयाक्टर/मिनिटिलर वितरण | ३७५०००।- | वडा नं. ५ |
| | | | ५० प्रतिशत लागत सहभागितामा थ्रेसर वितरण | ३५०००।- | |
| | | | ५० प्रतिशत लागत सहभागितामा सिंचाई प्रयोजनको लागि पाइप वितरण | ९७५००।- | |
| ५९ | कृषि विकास कार्यक्रम | २०००००।- | व्यायाम पार्क निर्माण | २०००००।- | वडा नं. ७ |
| - | उद्योग वाणिज्य संघ सँगको सहकार्यमा रैथाने परिकार प्रवर्द्धन कार्यक्रम | १०००००।- | कार्यालय संचालन तथा मसलन्द | ७१५००।- | वडा नं. ७ |
| | | | अपाङ्ग विमा तथा बचत कार्यक्रम | ४५००।- | |
| | | | महिला विकास कार्यक्रम | २४०००।- | |
| ३४६ | विपद् व्यवस्थापन तथा न्यूनिकरण कार्यक्रम | ७५००० ।- | वडा कार्यालयमा इन्भर्टर खरिद | ७५०००।- | वडा नं. ३ |
| ११९ | सुनुवारगाउँ स्वतन्त्र चर्च सौन्दर्यीकरण | २००००।- | भोटेटार सिमसार पोखरी मुहान मर्मत | २००००।- | वडा नं. ३ |
| १८२ | महिला विकास कार्यक्रम | ४००००।- | वडा कार्यालयको लागि प्रिन्टर खरिद तथा मर्मत | ४००००।- | वडा नं. ११ |

निर्णय नं. ११

इलाम नगरपालिका वडा न १,२,३,४, ५ र ६ क्षेत्र भित्र अर्गानीक कृषि प्रणाली सम्बन्धी कार्यक्रम टि एलायन्स नेपालसँगको सहकार्यमा अघि बढाउने ।

## दशौं कार्यपालिका बैठक मिति २०८२।०२।१२ का निर्णयहरु

निर्णय नं. १२

आ.व २०८१/०८२ का लागि प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत खर्च शिर्षक ५१३/२२५२१ कार्यस्थलमा आधारित सीप/क्षमता विकास तथा जीवन उपयोगी तालिम संचालन तथा सेवा प्रदायक छनौटका लागि विनियोजित रुकम बाट खर्च हुन बाकीं रकम रु ४३५०००। अक्षरेपी रु (चार लाख पैतिस हजार मात्र) खर्च गर्ने गरि देहाय बमोजिमका सीप तथा क्षमता विकास तालिम संचालन गर्ने निर्णय गरियो।

देहाय

- क. पशुपंक्षी पालन सम्बन्धी तालिम
- ख. कृषि सम्वन्धी तालिम

निर्णय नं. १३

नगरपालिकाको स्वीकृत संगठन तथा व्यवस्थापन प्रतिवेदन बमोजिमका पदहरु अमिन (सहायक चौथो) -१ र लेखापाल (सहायक पाँचौं) -१ पदमा स्थायी पदपुर्तिका लागि माग गरि प्रदेश लोकसेवा आयोग, कोशी प्रदेश, विराटनगरमा पठाउने ।

निर्णय नं. १४

इलाम नगरपालिकाको विज्ञ उपयोग तथा परिचालन कार्यविधि, २०८० को दफा ५ बमोजिमको विज्ञ उपयोग तथा परिचालन समितिको मिति २०८२।०२।११ को बैठकबाट सिफारिस भई आएका देहायका विज्ञहरुलाई छनौट गर्ने निर्णय गरियो ।

| क्र.सं. | विज्ञको नामथर | विज्ञता रहेको क्षेत्र | सिफारिस गरिएको विषयक्षेत्र | कैफियत |
|---|---|---|---|---|
| १ | डा हिराकाजि घले | समुदाय तथा सामाजिक विकास | सामाजिक विकास | |
| २ | डा योगेन्द्रमान श्रेष्ठ | कृषि, वातावरण तथा अनुसन्धान | आर्थिक विकास / वातावरण तथा विपद् व्यवस्थापन | |
| ३ | प्रा. डा विपीन बैध | खाद्य प्रविधी तथा पोषण | सामाजिक विकास | |

निर्णय नं. १५

इलाम नगरपालिका तथा वडासँगको लागत साझेदारीमा टोल विकास संस्था मार्फत सडकको दाँया बाँया वृक्षारोपण कार्यक्रम संचालन गर्न मिति २०८२।१२।३१ को नवौं कार्यपालिका बैठकबाट निर्णय भई यस नगरपालिकाका विभिन्न वडा कार्यालयहरुबाट उक्त कार्यक्रम संचालनको लागि वडाको तर्फबाट स्रोत सुनिश्चितता गरि पेश भएका देहाय बमोजिमको रकम योजनाहरु स्थानान्तरण गर्ने निर्णय गरियो ।

| क्र.सं. | साविकको योजनाको नाम | विनियोजित रकम | स्थानान्तरण गर्नुपर्ने शिर्षक | स्थानान्तरण रकम | कैफियत |
|---|---|---|---|---|---|
| १२७ | वडाका विभिन्न खेलकुद कार्यक्रममा सहयोग | १००००० | कोठिडाँडा रिङ्गरोडमा वृक्षारोपणको कार्यक्रम | २०००० | वडा नं. ४ |
| ४५ | मौरी पालक कृषकलाई तालिम तथा मौरी घार | २४०००० | वडा नं. २ सुम्वेकका टोल विकास संस्थाहरुसँग | २०००० | वडा नं. २ |

## दशौं कार्यपालिका बैठक मिति २०८२।०२।१२ का निर्णयहरु

निर्णय नं. १६

खानेपानी महसुल समायोजना सम्वन्धी निम्न प्रस्तावहरु सम्वन्धमा देहाय बमोजिम गर्ने निर्णय गरियो ।

| सि.न. | नाम ,ठेगाना, धारा नं | स्थलगत निरिक्षण गर्दाको अवस्था | निवेदकको माग | स्थलगत निरिक्षण पश्चात सिफारीस गरिएको | कैफियत |
|---|---|---|---|---|---|
| १ | अनिता राज भण्डारी , इ.न.पा.-०६ , धारा नं-778 | मिटर,भल्व तथा कनेक्सन चेकजाँच गर्दा गेट भल्वमा समस्या देखिएको, पाइपलाइनमा लिकेज नदेखिएको, गेटले काम नगरेको पाइयो हाल समस्या नरहेको । धारामा पानी आएपछिमात्र भल्व खोल्न सल्लाह दिइएको। | खानेपानी महशुल सम्वन्धमा तथा मिटर चेकजाँच | निवेदकको 2081 श्रावण देखि 2081 भाद्र महिना सम्मको मासिक खा.पा. खपत युनिटको (क्रमशः15,20,11) प्रकृतिको आधारमा 2081 फाल्गुण , 2081 चैत्र महिना र 2082 बैशाखको खपत अंक 43, 44, 39 लाइ अस्वभाविक मान्न सकिने देखिएकोले अन्य महिनाको खा.पा. खपत अंकको आधारमा 2081 श्रावणबाट 2081 भाद्र सम्मको खपत अंकको औसत खपत अंक 15 लाइ मान्न सकिने देखिएकोले उक्त 3 महिनाहरुको 15 युनिट अनुसार महशुल असुल गर्न सकिने र हालसम्मको महिनाहरुको विलम्ब शुल्क नलि अन्य मासिक खा.पा. महशुल वास्तविक रिडिङ्ग अनुसार नै महशुल असुल गर्नपर्ने देखिएको। | नयाँ प्रणालीको खानेपानी वितरणको बिहान/बेलुका सुरुवातमा पाइपलाइनमा हावा आउने गरेको कारणले उक्त अंकहरु उठेको । कहिलेकाँही पाइपलाइन खाली भएको बेला हाल पनि हावाले मिटर घुमाउन सक्ने। |
| २ | जित बहादुर श्रेष्ठ , इ.न.पा.-०६ , धारा नं-3598 | मिटर, भल्व तथा कनेक्सन चेकजाँच गर्दा गेट भल्वमा समस्या देखिएको,पाइपलाइनमा लिकेज नदेखिएको, गेटले काम नगरेको पाइयो हाल समस्या नरहेको । धारामा पानी आएपछिमात्रभल्व खोल्न सल्लाह दिइएको। | खानेपानी महशुल सम्वन्धमा तथा मिटर चेकजाँच | निवेदकको 2081 मंसिर देखि 2081 फाल्गुण महिना सम्मको मासिक खा.पा. युनिटको (क्रमशः57,50,61,66) प्रकृतिको आधारमा 2081 चैत्रको खपत अंक 160 लाइ अस्वभाविक मान्न सकिने देखिएकोले अन्य महिनाको खा.पा. खपत अंकको आधारमा 2081 मंसिरबाट 2081 फाल्गुण सम्मको खपत अंकको औसत खपत अंक 58 लाइ मान्न देखिएकोले, उक्त 2081 चैत्र महिनाको खानेपानी महशुल 58 युनिट अनुसार महशुल असुल गर्न सकिने र हालसम्मको महिनाहरुको विलम्ब शुल्क नलि अन्य मासिक खा.पा. महशुल वास्तविक रिडिङ्ग अनुसार नै महशुल असुल गर्नपर्ने देखिएको। | नयाँ प्रणालीको खानेपानी वितरणको बिहान/बेलुका सुरुवातमा पाइपलाइनमा हावा आउने गरेको कारणले उक्त अंकहरु उठेको । कहिलेकाँही पाइपलाइन खाली भएको बेला हाल पनि हावाले मिटर घुमाउन सक्ने। |

CamScanner

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | लिला बहादुर थापा , इ.न.पा.-09 , धारा नं-4021 | मिटर, भल्व तथा कनेक्सन चेकजाँच गर्दा भल्व तथा मिटरमा हाल लिकेज नदेखिएको, पाइपलाइनमा लिकेज नदेखिएको, खानेपानी आउनु आगाडी कहिलेकाँही हावा आउने भएकोले वितरण पाइपलाइनमा रहेको हावाले विस्तारै मिटर घमाएको पाइयो। हाल समस्या नरहेको । धारामा पानी आएपछिमात्र भल्व खोल्न सल्लाह दिइएको। | खानेपानी महशुल सम्बन्धमा तथा मिटर चेकजाँच | निवेदकको 2081 पुस देखि 2081 फाल्गुण महिना सम्मको मासिक खा.पा. युनिटको (क्रमशः8,8,8) प्रकृतिको आधारमा 2081 चैत्रको खपत अंक 38 लाइ अस्वभाविक मान्न सकिने देखिएकोले अन्य महिनाको खा.पा. खपत अंकको आधारमा 2081 पुसवाट 2081 फाल्गुण सम्मको स्वाभाविक खपत अंकको औसत खपत अंक 8 लाइ मान्न देखिएकोले, उक्त अस्वाभाविक खपत अंक मानिएको 2081 चैत्रको खानेपानी महशुल 8 युनिट अनुसार महशुल असुल गर्न सकिने र हालसम्मको महिनाहरुको विलम्ब शुल्क नलि अन्य मासिक खा.पा. महशुल वास्तविक रिडिङ्ग अनुसार नै महशुल असुल गर्नपर्ने देखिएको। | नयाँ प्रणालीको खानेपानी वितरणको बिहान/बेलुका सुरुवातमा पाइपलाइनमा हावा आउने गरेको कारणले उक्त अंकहरु उटेको । कहिलेकाँही पाइपलाइन खाली भएको बेला हाल पनि हावाले मिटर घुमाउन सक्ने। |
| ४ | पदम चौहान , इ.न.पा.-09 नविनचोक , धारा नं-50055 | मिटर, भल्व तथा कनेक्सन चेकजाँच गर्दा गेट भल्वमा समस्या देखिएको, पाइपलाइनमा लिकेज नदेखिएको, गेटले काम नगरेको पाइयो हाल समस्या नरहेको । धारामा पानी आएपछिमात्र भल्व खोल्न सल्लाह दिइएको। | खानेपानी महशुल सम्बन्धमा तथा मिटर चेकजाँच | निवेदकको 208१ असोज देखि 2081 मंसिर महिना सम्मको मासिक खा.पा. खपत युनिटको (क्रमशः5,5,2) प्रकृतिको आधारमा 2081 चैत्रको खपत अंक 26 लाई अस्वभाविक मान्न सकिने देखिएकोले अन्य महिनाको खा.पा. खपत अंकको आधारमा 2081 चैत्रको खपत अंकलाइ 4 मान्न सकिने देखिएकोले उक्त आश्विन महिनाको 4 युनिट अनुसार महशुल असुल गर्न सकिने र हालसम्मको महिनाहरुको विलम्ब शुल्क नलि अन्य मासिक खा.पा. महशुल वास्तविक रिडिङ्ग अनुसार नै महशुल असुल गर्नपर्ने देखिएको। | नयाँ प्रणालीको खानेपानी वितरणको बिहान/बेलुका सुरुवातमा पाइपलाइनमा हावा आउने गरेको कारणले उक्त अंकहरु उटेको । कहिलेकाँही पाइपलाइन खाली भएको बेला हाल पनि हावाले मिटर घुमाउन सक्ने। |

CamScanner

# दशौं कार्यपालिका बैठक मिति २०८२।०२।१२ का निर्णयहरु

निर्णय नं. १७

इलाम नगरपालिकाको "घ" वर्गको निर्माण व्यवसायी इजाजत पत्र छानविन समितिको मिति २०८२।०२।०५ को निर्णय सहितको सिफारिस बमोजिम "घ" वर्गको नयाँ निर्माण व्यवसायीको इजाजत पत्र देहायका निवेदकलाई उपलब्ध गराउने निर्णय गरीयो ।

| सि.नं. | आवेदकको नाम र ठेगाना | प्रस्तावित फर्मको नाम र ठेगाना | निर्माण व्यवसायिको इजाजत प्रदान गरिएको फर्मको नाम, प्रोपाइटरको नाम र ठेगाना |
|---|---|---|---|
| १ | श्री भवेन्द्र सुवेदी, इ.न.पा.०६, इलाम | आयन निर्माण सेवा, इ.न.पा.-०६, इलाम | आयन निर्माण सेवा, इ.न.पा.-०६, इलाम<br>प्रो. श्री भवेन्द्र सुवेदि, इ.न.पा.-०६, इलाम |

निर्णय नं. १८

यस कार्यालयको लागि आवश्यक विभिन्न अत्यावश्यक औषधी खरिद लगायतका कार्य गर्नका लागि रकम अपुग भएको हुँदा देहाय बमोजिम रकमान्तर गर्ने निर्णय गरियो ।

देहाय

| क्र.सं. | घटाउने शिर्षक | घटाउने रकम | रकमान्तर हुने शिर्षक | स्थानान्तरण रकम | कैफियत |
|---|---|---|---|---|---|
| १२७ | पारिश्रमिक कर्मचारी | ७५००००।- | आवश्कताका आधारमा अत्यावश्यक आधारभूत औषधी खरिद | ४५००००।- | |
| | | | आयूर्वेद औषधी खरिद | ३०००००।- | |
| ४२५ | जनप्रतिनिधी तथा कर्मचारीहरुका लागि नागरिकता तथा पञ्जिकरण सम्वन्धी क्षमता विकास कार्यक्रम | २०००००।- | सूचना प्रविधी शाखा ल्याप्टप खरिद | २०००००।- | |

निर्णय नं. १९

इलाम नगरपालिका, वडा नं. ७, ताराकुटि स्थित इलाम नगरपालिकाको स्वामित्वमा रहेको हाल कर्मचारी आवास प्रयोजनमा रहेको भवन पुरानो भई हाल जिर्ण अवस्थामा रहेको हुँदा उक्त भवन भत्काई सोही स्थानमा इटा तथा टिनको छानो भएको नयाँ भवन निर्माण प्रयोजनका लागि रु. ९,९८,६६०।२२ लागत स्टिमेट तयार भई आएको हुँदा उक्त कार्य अघि बढाउने निर्णय गरियो ।

निर्णय नं. २०

इलाम नगरपालिकाको देहाय बमोजिमको कार्य गराउन यस कार्यालयमा विज्ञ जनशक्ति नभएको तथा यस कार्य गराउन नेपाल सरकार तथा प्रदेश सरकारवाट स्वीकृत कुनै प्रकारको नम्स वा आधार समेत नभेटिएकाले विज्ञहरु मार्फत गराउने कार्यहरुको सम्बन्धमा शहरी विकास तथा भवन निर्माण विभागको च.नं. ५६, मिति २०७८।०७।०४ को

# दशौं कार्यपालिका बैठक मिति २०८२।०२।१२ का निर्णयहरु

पत्रानुसार तोकिएको पारिश्रमिकलाई आधार मानी तथा यस नगरपालिकाको मिति २०८०।११।१५ को कार्यपालिकाको निर्णय अनुसार निम्नानुसारको पारिश्रमिक (सेवा सुविधा तथा आवश्यक परेमा भ्रमण खर्च समेत) पाउने गरी सम्झौता गराई निम्नानुसार कार्य गराउने निर्णय गरियो ।

तपशिल

| कार्यको नाम | विज्ञको नाम | कार्य गर्न लाग्ने अन्दाजी समय | पारिश्रमिक तोकिने आधार (श.वि.मं.को पत्र अनुसार) | स्वीकृत पारिश्रमिक |
|---|---|---|---|---|
| इलाम नगरपालिकाको मध्यकालीन खर्च संरचना निर्माण | बिनोद कुमार निरौला इ.न.पा. ७, इलाम | २५ दिन | ईन्जिनियर वा सो सरह मासिक रु. ७५९८०।— का दरले दिन सकिने | ६३,३१६.६६।- |

**निर्णय नं. २१**

इलाम नगरपालिको कार्यपालिका बैठकमा उठेका विविध विषयको सन्दर्भमा देहाय बमोजिम गर्ने निर्णय गरियो ।

क. विश्व वातावरण दिवसको उपलक्ष्यमा जेठ २२ गते बहुक्षेत्रका सरोकारवालाहरुको सहभागितामा चियाबारीमा चिया रोपण कार्यक्रम संचालन गर्ने ।

ख. इलाम नगरपालिकाबाट हालसम्म जारी भएका कानुनहरुको कार्यान्वयनको समीक्षा गर्न कार्यदल गठन अधिकार नगर प्रमुखलाई प्रदान गर्ने।

**निर्णय नं २२**

इलाम नगरपालिकाको संगठन तथा व्यवस्थापन प्रतिवेदन, २०७६ नगर सभाबाट मिति २०७६/११/११ मा स्वीकृत भइ प्रतिवेदन मिति २०७८/०३/१०. मा प्रथम संसोधन मिति २०७८/०४/२० मा दोश्रो संसोधन मिति २०७८/१०/०५ मा तेश्रो संसोधन र मिति २०८०/०३/०९ मा चौथो संसोधन भइ कार्यान्वयनमा रहेकोमा इलाम नगरपालिकाको कार्यक्षेत्र कार्यबोझ कार्यक्रम तथा कार्यजिम्मेवारीमा भएको थपघट भइ तथा सो का कारण कतिपय दरवन्दीहरु आवश्यक नभइ हटाउनु पर्ने तथा कतिपय दरवन्दीहरु थप गर्न आवश्यक भएको हुँदा प्रमुख प्रशासकिय अधिकृतको संयोजकत्वमा गठन भएको सिफारिस समितिको प्रतिवेदन समेतका आधारमा देहाय बमोजिम पाँचौं संसोधन गर्न सिफारिस सहित आगामी नगरसभामा पेश गर्ने निर्णय गरियो ।

| हाल भएको | संशोधन वा थप गर्नेपर्ने | कारण |
|---|---|---|
| ३.२.३ नयाँ संगठन ढाँचा बमोजिम प्रस्तावित जनशक्ति विवरण खण्डको कार्यान्वयन तथा नियमन शाखा अन्तर्गत नगर प्रहरी सहायक स्तर प्र. जम्मा दरवन्दी संख्या ६ | ३.२.३ नयाँ संगठन ढाँचा बमोजिम प्रस्तावित जनशक्ति विवरण खण्डको कार्यान्वयन तथा नियमन शाखा अन्तर्गत नगर प्रहरी सहायक स्तर प्र. जम्मा दरवन्दी संख्या १० | कार्यक्षेत्र र जिम्मेवारी अनुरुप मौजुदा दरवन्दी थप गर्नु पर्ने |
| ३.२.३ नयाँ संगठन ढाँचा बमोजिम प्रस्तावित जनशक्ति विवरण खण्डको सामाजिक विकास महाशाखा अन्तर्गत | ३.२.३ नयाँ संगठन ढाँचा बमोजिभ प्रस्तावित जनशक्ति विवरण खण्डको सामाजिक विकास महाशाखा अन्तर्गत सामाजिक विकास अधिकृत आठौं/नवौं (दशौं तह हटाउने) | कार्यजिम्मेवारीका दृष्टिले दशौं तह आवश्यक नहुने |

CamScanner

| | | |
|---|---|---|
| सामाजिक विकास अधिकृत आठौं/नवौं/दशौं | | |
| नभएको | ३.२.३ नयाँ संगठन ढाँचा बमोजिम प्रस्तावित जनशक्ति विवरण खण्डको सामाजिक विकास महाशाखा अन्तर्गत जनस्वास्थ्य शाखामा कार्यक्रम संयोजक (पब्लिक हेल्थ) अधिकृत स्तर छैठौं/सातौं संख्या १ थप गर्ने | जनस्वास्थ्य संग सम्बन्धित सशर्त र आन्तरिक कार्यक्रमहरुको संयोजन संचालन तथा प्रतिवेदन तयारीका लागि मौजुदा जनशक्तिबाट मात्र कार्य गराउन नसकिने भइ थप गर्नु पर्ने |
| नभएको | ३.२.३ नयाँ संगठन ढाँचा बमोजिम प्रस्तावित जनशक्ति विवरण खण्डको सामाजिक विकास महाशाखा अन्तर्गत महिला बालबालिका जेष्ठ नागरिक अपाङ पञ्जीकरण शाखामा एम आइ एस अपरेटर सहायक स्तर पाँचौं संख्या २ थप गर्ने | व्यक्तिगत घट्ना दर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापन सूचना प्रणाली संचालनका लागि हाल रहेको सेवा एकाइलाइ स्थायी एकाइका रुपमा निरन्तर संचालन गर्नुपर्ने भइ सो एकाइमा रहि कार्य गर्ने जनशक्ति अति आवश्यक भएकोले दरवन्दी थप हुनु पर्ने |
| नभएको | ३.२.३ नयाँ संगठन ढाँचा बमोजिम प्रस्तावित जनशक्ति विवरण खण्डको सामाजिक विकास महाशाखा अन्तर्गत महिला बालबालिका जेष्ठ नागरिक अपाङ पञ्जीकरण शाखामा फिल्ड सहायक सहायक स्तर चौथो दरवन्दी संख्या १ थप गर्ने | व्यक्तिगत घट्ना दर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापन सूचना प्रणाली संचालनका लागि हाल रहेको सेवा एकाइलाइ स्थायी एकाइका रुपमा निरन्तर संचालन गर्नुपर्ने भइ सो एकाइमा रहि कार्य गर्ने जनशक्ति अति आवश्यक भएकोले दरवन्दी थप हुनु पर्ने |
| नभएको | ३.२.३ नयाँ संगठन ढाँचा बमोजिम प्रस्तावित जनशक्ति विवरण खण्डको सामाजिक विकास महाशाखा अन्तर्गत महिला बालबालिका जेष्ठ नागरिक अपाङ पञ्जीकरण शाखामा पुनर्स्थापना सहजकर्ता सहायक स्तर पाँचौं संख्या १ थप गर्ने | अपाङ्गता भएका व्यक्तिहरुका लागि पुनर्सथापना सहजीकरण तथा सेवा प्रवाहका लागि अपाङ्गता सम्बन्धी कार्य गर्ने जनशक्तिका लागि छुट्टै दरवन्दीको व्यवस्था नभएकोमा सो सम्बन्धी दरवन्दी थप हुन पर्ने |
| नभएको | ३.२.३ नयाँ संगठन ढाँचा बमोजिम प्रस्तावित जनशक्ति विवरण खण्डको सामाजिक विकास महाशाखा अन्तर्गत महिला बालबालिका जेष्ठ नागरिक अपाङ पञ्जीकरण शाखामा अपाङ्गता सहायता सहजकर्ता सहायक स्तर चौथो संख्या १ थप गर्ने | अपाङ्गता भएका व्यक्तिहरुका लागि पुनर्सथापना सहजीकरण तथा सेवा प्रवाहका लागि अपाङ्गता सहायता कक्षमा रही कार्य गर्ने जनशक्तिका लागि छुट्टै दरवन्दीको व्यवस्था नभएकोमा सो सम्बन्धी दरवन्दी थप हुन पर्ने |
| ३.२.३ नयाँ संगठन ढाँचा बमोजिम प्रस्तावित जनशक्ति विवरण खण्डको पूर्वाधार विकास महाशाखा अन्तर्गत वरिष्ठ इन्जिनियर ( सिभिल आर्किटेक्ट वा स्ट्रक्चरलबाट) अधिकृत स्तर आठौं/नवौं दरवन्दी संख्या १ | ३.२.३ नयाँ संगठन ढाँचा बमोजिम प्रस्तावित जनशक्ति विवरण खण्डको पूर्वाधार विकास महाशाखा अन्तर्गत वरिष्ठ इन्जिनियर ( सिभिल आर्किटेक्ट वा स्ट्रक्चरलबाट) अधिकृत स्तर सातौं/आठौं दरवन्दी संख्या १ | नगरपालिका अन्तर्गत पूर्वाधार विकास संग सम्बन्धित कार्यहरुको प्रकृति अनुसार नवौ तहको दरवन्दी आवश्यक नभएको हुँदा संसोधन गर्नु पर्ने |
| नभएको | ३.२.३ नयाँ संगठन ढाँचा बमोजिम प्रस्तावित जनशक्ति विवरण खण्डको पूर्वाधार विकास महाशाखा अन्तर्गत इलेक्ट्रिसियन सहायक स्तर प्रथम संख्या १ थप गर्ने | नगर कार्यपालिका वडा कार्यालय स्वास्थ्य संस्थाहरुमा विघुतको मर्मत संभार तथा संचालनका लागि बाह्य क्षेत्रको जनशक्तिबाट तुरुन्त सेवा प्राप्त गर्न कठीन हुने तथा लागत बढी हुने |

CamScanner

| | | |
|---|---|---|
| | | हुँदा सो कार्य गर्ने जनशक्तिका लागि दरबन्दी थप हुनुपर्ने |
| नभएको | ३.२.३ नयाँ संगठन ढाँचा बमोजिम प्रस्तावित जनशक्ति विवरण खण्डको पूर्वाधार विकास महाशाखा अन्तर्गत सवारी साधन मिस्त्री सहायक स्तर प्रथम संख्या १ थप गर्ने | नगरपालिकाको स्वामित्वमा रहेका धेरै संख्याका सवारी साधनहरुको मर्मत संभार तथा नियमित चेकजाँचको कार्य निजी ग्यारेजबाट मात्र गराउँदा लागत बढी पर्ने तथा तुरुन्त सेवा प्राप्त गर्न समेत कठीन हुने हुँदा सो सम्बन्धी कार्य गर्ने जनशक्तिको व्यवस्थापनका लागि दरबन्दी थप हुनु पर्ने |
| ३.२.३ नयाँ संगठन ढाँचा बमोजिम प्रस्तावित जनशक्ति विवरण खण्डको वातावरण वन तथा विपद् व्यवस्थापन तथा सरसफाइ शाखा अन्तर्गत कुचीकार दरबन्दी संख्या १ | ३.२.३ नयाँ संगठन ढाँचा बमोजिम प्रस्तावित जनशक्ति विवरण खण्डको वातावरण वन तथा विपद् व्यवस्थापन तथा सरसफाइ शाखा अन्तर्गत कुचीकार दरबन्दी संख्या २४ थप गर्ने | नगरपालिकाको आधारभुत कार्यका रुपमा रहेको सरसफाइ सम्बन्धी कार्य जिम्मेवारीको तुलनामा मौजुदा दरबन्दी अत्यन्त न्यून रहेको हुँदा दरबन्दी थप हुनुपर्ने |
| नभएको | ३.२.३ नयाँ संगठन ढाँचा बमोजिम प्रस्तावित जनशक्ति विवरण खण्डको वातावरण वन तथा विपद् व्यवस्थापन तथा सरसफाइ शाखा अन्तर्गत हल्का सवारी चालक सहायक स्तर प्रथम दरबन्दी संख्या ६ थप गर्ने | नगरपालिकाको लागि आवश्यक सवारी साधनहरुको तुलनामा मौजुदा दरबन्दी न्यून भएको हुँदा दरबन्दी थप गर्नु पर्ने |
| नभएको | ३.२.३ नयाँ संगठन ढाँचा बमोजिम प्रस्तावित जनशक्ति विवरण खण्डको वातावरण वन तथा विपद् व्यवस्थापन तथा सरसफाइ शाखा अन्तर्गत हेभी सवारी चालक सहायक स्तर प्रथम दरबन्दी संख्या २ थप गर्ने | पूर्वाधार निर्माण मर्मत संभार विपद व्यवस्थापन लगायतका कार्यका लागि नगरपालिकामा रहेका ब्याकहु लोडरहरुको संचालनका लागि आवश्यक जनशक्तिका लागि दरबन्दी थप गर्नु पर्ने |
| नभएको | ३.२.३ नयाँ संगठन ढाँचा बमोजिम प्रस्तावित जनशक्ति विवरण खण्डको खानेपानी निर्माण तथा व्यवस्थापन शाखा अन्तर्गत ल्याब टेक्निसियन सहायक स्तर पाँचौ दरबन्दी संख्या १ थप गर्ने | विगत देखि नै नगरपालिकाले संचालन तथा व्यवस्थापन गर्दै आएको खानेपानीको गुणस्तर चेकजाँच तथा नियन्त्रणका लागि आवश्यक पर्ने जनशक्ति व्यवस्थापन गर्न दरबन्दी थप गर्नुपर्ने |
| नभएको | ३.२.३ नयाँ संगठन ढाँचा बमोजिम प्रस्तावित जनशक्ति विवरण खण्डको खानेपानी निर्माण तथा व्यवस्थापन शाखा अन्तर्गत कम्प्युटर अपरेटर सहायक स्तर चौथो दरबन्दी संख्या १ थप गर्ने | खानेपानी प्रणालीको संचालनका लागि जडित स्काडाे प्रणालीको संचालन गर्न आवश्यक पर्ने जनशक्ति व्यवस्थापन गर्न दरबन्दी थप गर्नु पर्ने |
| ३.२.३ नयाँ संगठन ढाँचा बमोजिम प्रस्तावित जनशक्ति विवरण खण्डको खानेपानी निर्माण तथा व्यवस्थापन शाखा अन्तर्गत खानेपानी चौकिदार लाइन मेन हेल्पर का.स. | ३.२.३ नयाँ संगठन ढाँचा बमोजिम प्रस्तावित जनशक्ति विवरण खण्डको खानेपानी निर्माण तथा व्यवस्थापन शाखा अन्तर्गत खानेपानी चौकिदार लाइन मेन हेल्पर का.स. सहायक स्तर प्रथम दरबन्दी संख्या २८ थप गर्ने | खानेपानी प्रणालीको सेवा क्षेत्र मुहानहरुको संख्या तथा मेनलाइनको लम्बाइमा भएको विस्तार अनुरुप मौजुदा दरबन्दी अपुग भएको हुँदा दरबन्दी थप हुनु पर्ने |

CamScanner

| | | |
|---|---|---|
| सहायक स्तर प्रथम दरबन्दी संख्या ७ | | |
| नभएको | ३.२.३ नयाँ संगठन ढाँचा बमोजिम प्रस्तावित जनशक्ति विवरण खण्डको आर्थिक विकास महाशाखा अन्तर्गत सहकारी व्यवस्थापन तथा रोजगार प्रबर्द्धन शाखा अन्तर्गत प्राविधिक सहायक सहायक स्तर पाँचौ संख्या १ थप गर्ने | रोजगार शाखा अन्तर्गतका कार्यहरुको संचालनका लागि संघीय सरकारले उपलब्ध गराउँदै आएको तलब भत्ता बापतको बजेट आगामी आ.व. देखि कटौती गर्ने भएतापनि रोजगारसंग सम्बन्धित कार्यहरु संचालनका लागि नगरपालिकाको तर्फबाट नै जनशक्तिको व्यवस्थापन गर्न आवश्यक भएको हुदा दरबन्दी थप गर्नु पर्ने |
| नभएको | ३.२.३ नयाँ संगठन ढाँचा बमोजिम प्रस्तावित जनशक्ति विवरण खण्डको आर्थिक विकास महाशाखा अन्तर्गत सहकारी व्यवस्थापन तथा रोजगार प्रबर्द्धन शाखा अन्तर्गत रोजगार सहायक सहायक स्तर पाँचौ संख्या १ थप गर्ने | रोजगार शाखा अन्तर्गतका कार्यहरुको संचालनका लागि संघीय सरकारले उपलब्ध गराउँदै आएको तलब भत्ता बापतको बजेट आगामी आ.व. देखि कटौती गर्ने भएतापनि रोजगारसंग सम्बन्धित कार्यहरु संचालनका लागि नगरपालिकाको तर्फबाट नै जनशक्तिको व्यवस्थापन गर्न आवश्यक भएको हुदा दरबन्दी थप गर्नु पर्ने |
| नभएको | ३.२.३ नयाँ संगठन ढाँचा बमोजिम प्रस्तावित जनशक्ति विवरण खण्डको आर्थिक विकास महाशाखा अन्तर्गत उद्योग वाणिज्य तथा पर्यटन प्रबर्द्धन शाखा अन्तर्गत सामाजिक परिचालक सहायक स्तर पाँचौ संख्या १ थप गर्ने | स्थानीय समुदायलाइ संगठित गरि सामुदायिक परिचालनको माध्यमबाट स्थानीय विकासको क्षेत्रमा परिचालन गर्ने कार्य संचालन गर्न आवश्यक पर्ने जनशक्तिको व्यवस्थापनका लागि दरवन्दी थप हुनु पर्ने |
| नभएको | ३.२.३ नयाँ संगठन ढाँचा बमोजिम प्रस्तावित जनशक्ति विवरण खण्डको आर्थिक विकास महाशाखा अन्तर्गत उद्योग वाणिज्य तथा पर्यटन प्रबर्द्धन शाखा अन्तर्गत सामाजिक परिचालक सहायक स्तर पाँचौ संख्या १ थप गर्ने | स्थानीय समुदायलाइ संगठित गरि सामुदायिक परिचालनको माध्यमबाट स्थानीय विकासको क्षेत्रमा परिचालन गर्ने कार्य संचालन गर्न आवश्यक पर्ने जनशक्तिको व्यवस्थापनका लागि दरवन्दी थप हुनु पर्ने |
| नभएको | ३.२.३ नयाँ संगठन ढाँचा बमोजिम प्रस्तावित जनशक्ति विवरण खण्डको आर्थिक विकास महाशाखा अन्तर्गत उद्योग वाणिज्य तथा पर्यटन प्रबर्द्धन शाखा अन्तर्गत उद्यम विकास सहजकर्ता सहायक स्तर चौथो संख्या १ थप गर्ने | नगर क्षेत्रमा उद्यमीहरुको क्षमता विकास सहजीकरण गर्दै उद्यम विकासका कार्यहरु संचालन गर्न आवश्यक पर्ने जनशक्तिको व्यवस्थापनका लागि दरवन्दी थप गर्नु पर्ने |

CS CamScanner